प्रदेश सरकार
# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं.१
विराटनगर (नेपाल)

पत्र संख्या : २०७७।७८ (२१०)
चलानी नं. : ८२९

मितिः २०७७/०६/१४

**विषयः** जिल्लाको पञ्चवर्षीय वन व्यवस्थापन कार्ययोजनाको कार्यसूची सम्वन्धमा ।

श्री डिभिजन वन कार्यालय,
सबै (१५ वटा) ।

प्रस्तुत विषयमा नेपालको वन नीति २०७५, संघीय वन ऐन २०७६ तथा प्रदेश नं. १, प्रदेश वन ऐन, २०७७ को भावना अनुरुप वनको दिगो व्यवस्थापनद्वारा वनक्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादनमा अभिवृद्धि गरी वनजन्य पैदावारको सतत् आपूर्ति गर्न, दिगो विकासको लक्ष्यमा योगदान पुर्‍याउन, वातावरणीय सन्तुलन कायम गरी राष्ट्रिय वनको संरक्षण, विकास र दिगो व्यवस्थापन तथा सदुपयोग र सुशासन कायम गर्दै वनक्षेत्रबाट प्रदेश तथा राष्ट्रको आर्थिक समृद्धिमा योगदान गर्नको लागि संघीय वन ऐन, २०७६ को दफा १४(३), र प्रदेश नं. १, प्रदेश वन ऐन, २०७७ को परिच्छेद ३ दफा १८ को अधीनमा रही डिभिजन वन कार्यालयले आफ्नो कार्यक्षेत्र भित्रको प्रादेशिक वनको वन व्यवस्थापन कार्ययोजना तयार गर्नुपर्ने प्रावधान रहेको हुँदा डिभिजन वन कार्यालयहरुले तयार गर्ने जिल्लाको पञ्चवर्षिय वन व्यवस्थापन कार्ययोजनालाई सरलीकृत गर्न एवं एकरुपता ल्याउनका लागि **"जिल्लाको पञ्चवर्षीय वन व्यवस्थापन कार्ययोजनाको कार्यसूची/रुपरेखा, २०७७"** प्रदेश सरकार (सचिवस्तर) को मिति २०७७/०६/१३ को निर्णयबाट स्वीकृत भएकोले सोही अनुसार कार्यान्वयन गर्नु गराउनुहुन सम्वद्ध कार्यसूची यसै साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

अनिरुद्ध कुमार साह
अधिकृतस्तर नवौं (प्रा.)

पुनश्चः उदयपुर जिल्लाको हकमा डिभिजन वन कार्यालयहरुले अलग अलग वन व्यवस्थापन कार्ययोजना तयार पारी जिल्लाको एकिकृत योजना समेत तयार गर्ने ।

बोधार्थः-
श्री वन निर्देशनालय, प्रदेश नं. १, धरान, सुनसरी ।
श्री वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, प्रदेश नं. १, तरहरा, सुनसरी ।
श्री वन व्यवस्थापन तथा उद्यम शाखा, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय,
प्रदेश नं. १, बिराटनगर ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं. १
विराटनगर (नेपाल)

मेघनाथ काफ्ले
प्रदेश सचिव
२०७७।८।१९

# जिल्लाको पञ्चवर्षीय वन व्यवस्थापन कार्ययोजनाको

# कार्यसूची/रुपरेखा

## २०७७

प्रदेश सरकार

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**

प्रदेश नं. १, विराटनगर, नेपाल

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. १
विराटनगर (नेपाल)

मेघनाथ काफ्ले
प्रदेश सचिव

## प्रस्तावनाः

नेपालको वन नीति २०७५, वन ऐन २०७६ तथा प्रदेश वन ऐन, २०७७ को भावना अनुरुप वनको दिगो व्यवस्थापनद्वारा वनक्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादनमा अभिवृद्धि गरी वनजन्य पैदावारको सतत् आपूर्ति गर्न, दिगो विकासको लक्ष्यमा योगदान पुऱ्याउन, वातावरणीय सन्तुलन कायम गरी राष्ट्रिय वनको संरक्षण, विकास र दिगो व्यवस्थापन तथा सदुपयोग र सुशासन कायम गर्दै वनक्षेत्रबाट प्रदेश तथा राष्ट्रको आर्थिक समृद्धिमा योगदान गर्नको लागि वन ऐन, २०७६ को दफा १४(३), र प्रदेश वन ऐन, २०७७ को परिच्छेद ३ दफा १८ को अधीनमा रही डिभिजन वन कार्यालयले आफ्नो कार्यक्षेत्र भित्रको प्रादेशिक वनको वन व्यवस्थापन कार्ययोजना तयार गर्नुपर्ने प्रावधान रहेको हुँदा वन व्यवस्थापन कार्ययोजना तयारीको लागि यो कार्यसूची/रुपरेखा तयार पारिएको छ ।

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. १
विराटनगर (नेपाल)

मेघनाथ काफ्ले
प्रदेश सचिव

| क्र.सं. | शिर्षक तथा उपशिर्षकहरु | व्याख्या |
|---|---|---|
| | पञ्चवर्षीय वन व्यवस्थापन कार्ययोजनाको कार्यकारी सारांश | • कार्ययोजनाको संक्षिप्त परिचय<br>• जिल्लाको भू-उपयोगिता<br>• जिल्लाको वन जंगलको किसिम/प्रकार र क्षेत्रफल<br>• व्यवस्थापनको आधारमा वन क्षेत्रको विवरण<br>• निजी वनको विवरण<br>• जिल्लाको वन पैदावारको अवस्था र वितरण<br>• उत्पादन/संकलन हुने काष्ठ तथा गैह्रकाष्ठ वन पैदावारको विवरण<br>• जिल्लाको वन पैदावारको माग र आपूर्तिको स्थिति<br>• अतिक्रमित वन क्षेत्रको विवरण<br>• विरुवा उत्पादन र वृक्षारोपण<br>• आयोजनागत बजेट प्रक्षेपण<br>• श्रृजना हुने अनुमानित रोजगारी तथा राजश्व<br>• जैविक विविधता संरक्षण, चुनौती र योजना<br>• वन क्षेत्रका संभावना र चुनौती |
| | विषयसूची (Table of Contents) | |
| | संक्षिप्त शब्दावली (Glossary of terms) | वर्णानुक्रम अनुसार |
| | परिचय | • कार्ययोजनाको प्रस्तावना<br>• कार्ययोजनाको अवधि<br>• लक्ष्य र उद्देश्य<br>• कार्ययोजनाको कार्यान्वयनको लागि आवश्यक पर्ने बजेट तथा स्रोतहरु<br>• अपेक्षित उपलब्धिहरु<br>• कार्यविधि<br>• सिमितता (Application and Limitation) |
| | पूर्व वन व्यवस्थापन कार्ययोजनाहरुको समिक्षा (वन व्यवस्थापन कार्ययोजना बाहेक विशेष कुनै कार्ययोजना भए त्यसको समिक्षा समेतः- जैविक विविधता संरक्षण, वन्यजन्तु संरक्षण) | डिभिजन वन कार्यालयले तयार गरेको विगतका वन व्यवस्थापन कार्ययोजनाहरुकोविवरण, अवधि, उद्देश्य/मुख्य विशेषता एवं उपलब्धी तथा अघिल्लो कार्ययोजना कार्यान्वयनको समिक्षा; मुख्य कियाकलापहरु (जस्तै विरुवा उत्पादन र वृक्षारोपण, अतिक्रमण व्यवस्थापन, वन व्यवस्थापन प्रणाली अनुसारको विवरणहरु आदि) लक्ष्य तथा उपलब्धी/प्रगतीको स्थिति, काठ उत्पादन, उत्पादकत्व अभिवृद्धि सम्बन्धी कार्यक्रमहरु, सिकाइहरु आदि । |

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. १
विराटनगर (नेपाल)

नाथ काफ्ले
प्रदेश सचिव

| क्र.सं. | शिर्षक तथा उपशिर्षकहरु | व्याख्या |
|---|---|---|
| | कार्ययोजना तयार गर्नको लागि अपनाइएको कार्यविधि | • कार्ययोजना तर्जुमाका लागि नीति, ऐन, नियम सम्बन्धि पक्षहरुको संक्षिप्त विश्लेषण<br>• यो कार्ययोजना तयार गर्नको लागि अपनाइएका विधिहरु, तथ्याङ्क संकलन विधि, वन स्रोत सर्वेक्षण विधि तथा अन्य तथ्याङ्कको स्रोतहरु । |

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. १
विराटनगर (नेपाल)

मेघनाथ काफ्ले
प्रदेश सचिव

विषयसूचीको क्रमागत ढाँचाः

| भाग १ : जिल्लाको सामान्य परिचय | | |
|---|---|---|
| १.१ | ऐतिहासिक पृष्ठभूमी (Historical background) तथा पुरातात्विक र पर्यटकीय महत्वपूर्ण क्षेत्र (जिल्लाको प्राकृतिक, राजनीतिक र वन व्यवस्थापनका लागि छुट्याइएका सिमानागत नक्साहरु संलग्न राख्ने) | • जिल्लाको सामान्य इतिहास (वन र जैविक विविधतासँग जोडिएको समेत) तथा मुख्य विशेषताहरु<br>• जिल्ला/डिभिजन वन कार्यालयको सिमानाको विवरण<br>• सामाजिक तथा आर्थिक अवस्थाः<br>➢ जनसंख्या, लिङ्ग र जातजाति<br>➢ धर्म, संस्कृति, भाषा<br>➢ पेशा तथा रोजगारी<br>➢ बसाइँ सराइ<br>• धार्मिक, सास्कृतिक, ऐतिहाँसिक, पुरातात्विक तथा पर्या पर्यटकीय स्थलहरुको संक्षिप्त परिचय । |
| १.२ | भौगोलिक अवस्था तथा बनोट (Configuration of the ground: Physical geography) | क्षेत्रफल, उचाइ, हिमाली, पहाडी, तराई, भित्री मधेश, जमिनको स्वरुप (भिरालो पना आदि) आदि |
| १.३ | जियोलोजी (खनिज, चट्टान र माटो) तथा भू-बनोट | जियोलोजी, चट्टान निर्माण, माटोको किसिम तथा विशेषताहरु र यसले वनको किसिममा पर्ने प्रभावहरु, माटो तथा चट्टानको पारिस्थितिकिय प्रभावहरु र सम्बन्ध, माटोको कारणबाट वनको उत्पादन तथा बृद्धिमा पर्ने प्रभावहरु, माटोको किसिम र वितरणको नक्सा समेत। |
| १.४ | जलबायु तथा वर्षा (Climate and precipitation) | जिल्लाको जलवायु तथा सिजनहरु, वर्षा तथा तापक्रमः वार्षिक तथा मासिक अधिकतम तथा न्यूनतम (यो विवरण मौसम केन्द्रहरुबाट संकलन गर्न सकिन्छ, उपलब्ध भएसम्म पछिल्लो १० वर्षको) |
| १.५ | जल सम्पदा (Water resources) | नदी, ताल, सिमसार क्षेत्र, झरना आदिको विवरण (Lists) र पानीको सतह (Water tables), जलाधार तथा उप-जलाधार क्षेत्र (Hydrographic map) |
| १.६ | भौतिक पूर्वाधारहरु | • क्षतिग्रस्त भौतिक पूर्वाधारहरुको स्थिति<br>• विद्युत आयोजनाहरु, यातायात र संचार, अस्पताल र स्वास्थ केन्द्रहरु, अन्य विशेष भौतिक पूर्वाधारहरु<br>• वन संगठनको भौतिक पुर्वाधारहरुः जग्गा जमिन, भवनहरुको संख्या र अवस्था, सवारी साधनहरुको संख्या, किसिम, अवस्था लगायत अन्य भौतिक पुर्वाधारहरु (कार्यालय संचालनको लागि सहयोगी |

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. १
विराटनगर (नेपाल)

मेघनाथ काफ्ले
प्रदेश सचिव

| | | |
|---|---|---|
| | | पुर्वाधारहरु इन्टरनेट, कम्प्युटर, फयाक्स, फोटोकपि, जि.पि.एस., भर्टेक्स, टेलिफोन, मोवाइल फोन आदि)<br>• कार्यालयमा रहेका हातहतियारहरुको विवरण र अवस्था<br>• कार्यालयमा रहेका टाँचाको विवरण |
| १.७ | भू-उपयोग (Land use) (नक्सा संलग्न गर्ने) | • वन क्षेत्र सहितको अन्य भू उपयोगहरुको वितरण (वन क्षेत्र, कृषि भूमि, नदी खोला, चट्टान, हिउ, घाँसे मैदान, चरण, झाडि वुटयान, आदि) ।<br>• सव-डिभिजन वन कार्यालय र स्थानिय तह अनुसारको भू-उपयोग विवरण |
| १.८ | अन्य प्रयोजनको लागि उपलव्ध गराइएको वन क्षेत्रको विवरणहरु | अन्य प्रयोजनको उद्देश्य, नेपाल सरकारको निर्णय, अवधि, राजस्व असुलीको तरिका र राजस्व दर आदि। |
| १.९ | बजार, वन पैदावार बजार संरचना र मूल्य श्रृखला | |
| १.१० | वातावरणीय अध्ययन सम्वन्धी अभ्यास | |
| **भाग २ : वन सम्वन्धी नीति, कानून, संस्थागत संरचना, क्षमता र अनुभव** | | |
| २.१ | सहयोगी संघ संस्थाहरु (CBOS/NGOs, Project, Network, etc.) | विगतको अवधिहरु (वन व्यवस्थापन कार्ययोजनाको अवधिमा सहयोग गर्ने योजना आयोजना तथा संघ, संस्थाहरुको नाम, सहयोगको प्रकार, अवधि तथा सिकाइहरु एवं चालु संघ संस्थाहरु) |
| २.२ | मौजुदा वन संगठन (Organogram समेत) | डिभिजन वन कार्यालय, सव-डिभिजन वन कार्यालय तथा यिनीहरुको स्थानिय तहसँगको सम्बन्ध र दरबन्दी तथा पदपुर्तिको अबस्था |
| २.३ | कानूनी घोषणाहरु | वन संरक्षण क्षेत्र, वन सिमाना तथा अन्य नेपाल/प्रदेश राजपत्रका सूचना, सरकारी आवश्यक निर्णयहरुको विवरण, निर्देशिका तथा आवश्यक परिपत्रहरु समेत । |
| २.४ | वन व्यवस्थापनका समस्या, चुनौति अवसर र हाल सम्मका सिकाई | वन संरक्षण, वन व्यवस्थापन (सामुदायिक, राष्ट्रिय वन, गैरकाष्ठ वन पैदावार, जडिबुटि निकासी, वन पैदावार आपूर्ति आदि), वन सम्वर्द्धन, वन प्रशासन, शुसासन, भौगोलिक क्षेत्र, जनशक्ति, कार्य क्षमता, स्थानीय परिवेश, साधन र स्रोतको विश्लेषण गर्नु पर्दछ । |
| **भाग ३ : वन प्रजाति (Forest Flora) तथा वन्यजन्तुहरुको विवरण** | | |
| ३.१ | वन प्रजातिहरुको विवरण / वनस्पति स्रोत सर्वेक्षणको अवस्था | |

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय प्रदेश सरकार प्रदेश नं. १ विराटनगर (नेपाल)

मेघनाथ काफ्ले प्रदेश सचिव

| | | |
|---|---|---|
| ३.१.१ | वनको किसिम (मुख्य गरी रुख प्रजातिहरुको विवरण तथा वितरण र वर्तमान अवस्था) | • वनको किसिम<br>• वनको किसिम अनुसारको प्रजातिहरु (रुख, झाडी, जडिवुटि, गैरकाष्ठ वन पैदावारहरु आदि)<br>• प्राकृतिक वन तथा वृक्षारोपण वनको अवस्था विश्लेषण<br>• सव-डिभिजन वन कार्यालय अनुसार वन क्षेत्रको विवरण (व्यवस्थापनको आधारमा) र सम्भव भएसम्म स्थानिय तह अनुसार समेत |
| ३.१.२ | मुख्य प्रजातिहरुको वितरण तथा वद्धि मौज्दात (Growing Stock) | • स्थान विशेष अनुसारको प्रजातिहरुको वितरण, उमेर समुहको वितरण, रुखहरुको गुणस्तर, स्वस्थता, प्रजाति सम्मिश्रण, घनत्व आदि अनुसारको वितरण।<br>• Growing stock आंकलनको विवरण सामुदायिक वन, साझेदारी वन तथा राष्ट्रिय वन गरेर विभाजन गर्न सकिन्छ।<br>• डिभिजन वन कार्यालय अन्तर्गतको पुनरुत्पादन, बल्लाबल्ली/पोल र रुखको वितरण, वृद्धिदर तथा मौज्दात विश्लेषण गरी विवरण (Detail database) समावेस गर्ने (मुख्य मुख्य प्रजाती अनुसार समेत)।<br>• Growing stock आंकलनमा गैरकाष्ठ वन पैदावारको मुख्य प्रजातिहरु जस्तै लोक्ता, चिराइतो, टिमुर आदि के कुन प्रजाती पाइन्छ त्यसको पाइने वन क्षेत्रको क्षेत्रफल तथा नमुना प्लट लाइ गुणन गरेर राख्न सकिन्छ । सो तरिकामा गैरकाष्ठ वन पैदावारको स्रोत सर्वेक्षण मार्गदर्शन, २०६९ अनुसार गर्नु पर्दछ।<br>*पुनश्चः* वन स्रोतको सर्वेक्षणको लागि प्रचलनमा रहेको विधिहरु अनुसार १ प्रतिशत देखि ५ प्रतिशत सम्मको सघनता (Intensity) राखि नमूना संकलन गर्न सकिन्छ। पुर्व स्वीकृत मार्गदर्शनमा लेखिएकोमा सो अनुसार गर्न सकिन्छ एवं यो कार्य जिल्लाको आवश्यकता अनुसारको प्रतिनिधित्व हुने गरी गर्नु पर्दछ।<br>• काष्ठ तथा गैह्रकाष्ठ वन पैदावारहरुको दिगो संकलन गर्न सकिने अनुमानित परिमाणको विवरण समावेश गर्ने। |

| | | |
|---|---|---|
| | | • साइटिसमा सूचिकृत प्रजातिहरुको उपलब्धता तथा विवरण । |
| ३.१.३ | प्राकृतिक पुनरुत्पादनको अवस्था | रुख, झाडी, गैहृकाष्ठ वन पैदावार तथा जडीबुटी प्रजातिहरुको पुनरुत्पादनको अवस्था । |
| ३.१.४ | वन संरक्षण | वनमा हुने हानि नोक्सानीहरुको विवरण |
| | | क) प्राकृतिक प्रकोपहररुः बाढी, खडेरी, भूक्षय, हिउ, पहिरो आदि, अन्य नदी कटान र ढुंगा, गिट्टी, बालुवा संकलनको प्रभाव । |
| | | ख) मानवीय तत्वहरुः वन डढेलो, अवैध फडानी, कटानी, चोरी, वन अतिक्रमण, अति चरिचरण, खानी खन्ने कार्य आदी । |
| | | ग) किटपतंग (Insects and pests), फन्जाई (Fungus) तथा रोगहरुको वैज्ञानिक सूचना तथा अवस्थाहरु जुन व्यवस्थापनको लागि आवश्यक रहेको छ । |
| ३.२ | **वन्यजन्तुहरुको विवरण** | |
| ३.२.१ | स्तनधारी वन्यजन्तुहरु (Mammals), चरा, घस्रने प्रजाति (सरीसृप), उभयचर, माछा आदी | विभिन्न भौगोलिक क्षेत्र, वन क्षेत्र तथा उचाइमा पाइने वन्यजन्तुहरुको संक्षिप्त विवरणहरु । |
| ३.२.२ | वन्यजन्तुका लागी महत्वपुर्ण मानिएका स्थानहरु | वन्यजन्तु प्रजाति विशेष बासस्थान क्षेत्र (Natural Habitat), वन्यजन्तु/जैविक विविधता संरक्षणको लागि छुट्याइएको क्षेत्र, लोपोन्मुख प्रजाती बासस्थान क्षेत्रको विवरण । |
| ३.२.३ | वन्यजन्तु संरक्षण | • वन्यजन्तुको संरक्षणको लागि चालिएको प्रयासहरु, संरक्षणको चुनौतिहरु, संरक्षण तथा व्यवस्थापनको उपायहरु र कार्यहरु<br>• साइटिसमा सूचिकृत प्रजातिहरुको उपलब्धता तथा विवरणहरु |
| ३.३ | महत्वपूर्ण तालतलैया, सिमसार तथा जलाशयहरु | |
| | **भाग ४ : वन सदुपयोग** | |
| ४.१ | जिल्लाको जनसंख्या तथा घरधुरी | जातजाति, जनसंख्या संक्षिप्त विवरण (Demographic Indicators) |
| ४.२ | बजार तथा बजार योग्य उत्पादनहरु | प्रचलनमा रहेको बजार केन्द्रहरु, संभावित बजार, बजार योग्य वस्तुहरुको विवरण |
| ४.३ | घरायसी प्रयोगको वस्तुहरु | प्रचलनमा रहेको घरायसी प्रयोगको बस्तुहरु जस्तै कृषि औजारहरु, घर तथा आवासको लागि प्रयोग गरिने वनजन्य वस्तुहरु |

| | | |
|---|---|---|
| ४.४ | वनजन्य वस्तुहरुको माग र आपूर्तिको अवस्था (वन क्षेत्रमा पर्न सक्ने चापहरु आदि) | मागहरु: जिल्ला वन पैदावार आपुर्ति मार्फत स्थानिय जनसाधारणलाई घरायसी कार्यको लागि तथा घरकाज निर्माणको लागि, उद्योग व्यवसाय संचालनको लागि, साना विकास निर्माणको लागि, ठुला आयोजनाको लागि, दैबि प्रकोप तथा अन्य आकस्मिक प्रयोजनको लागि, नेपाल वन निगम लगायतका संस्थाहरुको लागि आकलन गरेर एकिन गर्ने । यस कार्यका लागि आवश्यक तथ्याङ्क तथा विवरणहरु जनगणना, स्थलगत सर्वेक्षण, आर्थिक सर्वेक्षण आदीबाट संकलन गर्न सकिन्छ ।<br>आपूर्तिको आकलन: आपुर्ति गर्न सकिने सबै स्रोतहरुको पहिचान तथा त्यसबाट उत्पादन हुन सक्ने परिमाणहरु समेत।<br>विगत ५ वर्षको वन पैदावारको उत्पादन तथा विकि भएको विवरणहरुको आधारमा समेत आपूर्तिको स्रोतहरु सरकारद्वारा व्यवस्थित वन, सामदायिक वन, साझेदारी वन, संरक्षित वन, निजी वन, कबुलियती वन, व्यवसायिक कवुलियती वन, धार्मिक वन, आयात आदि हुन सक्दछन्।<br>जिल्ला वन पैदावार आपूर्ति समिति, जिल्ला स्थित वन विकास आयोजना र वन निगमबाट उत्पादन भएको काठ दाउराको विवरण समेत सलग्न गर्ने । |
| ४.५ | मुख्य वनजन्य प्रजातिहरुको संकलन तरिका (Harvesting methods) तथा त्यसको खर्चहरु | काठ, दाउरा, जडिवुटि आदिको संकलन तरिका/प्रकृया तथा संकलनमा लाग्ने लागतको विवरणहरु, सम्वन्धित जिल्लाको दररेट तथा स्विकृत नर्मस अनुसार लागत इष्टिमेट गर्न सकिन्छ । |
| ४.६ | मुख्य प्रजातिहरुको दर | विगतको वन व्यवस्थापन कार्ययोजना कार्यान्वयनमा विक्री भएको काठ, दाउरा, जडिबुटिको दर तथा अहिलेको प्रचलनमा रहेको दररेटहरु (४ वर्ष अगाडिको र चालु वर्षको दरको विवरण) |
| ४.७ | वन पैदावारमा आधारित उद्योग व्यवसायहरुको विवरण | वन पैदावारमा आधारित उद्योग व्यवसायहरुको किसिम अनुसारको विस्तृत विवरण (उद्योगको उत्पादन क्षमता/स्वीकृत वन पैदावार खपत परिमाण र उद्यमको प्रकृति समेत) तथा उक्त उद्योगहरुलाई चाहिने वन पैदावार आपूर्तिको स्थिती । |

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. १
विराटनगर (नेपाल)

नाथ काफ्ले
प्रदेश सचिव

| | | |
|---|---|---|
| ४.८ | वन पैदावारको वितरण तथा बिक्रीको प्रकृया/तरिका | वन पैदावारको किसिम अनुसार संकलन भएको वन विकीको तरिका पैदावारहरु विशेषगरी काठ, जडिबुटि, दाउरा आदिको विक्री गर्ने, लिलाम गर्ने तथा वितरण गर्ने विधि/प्रकृयाको बारेमा उल्लेख गर्नु पर्ने । |
| ४.९ | वनस्पति केन्द्र, वन बिउ उत्पादन केन्द्र (Seed Orchard, Seed Stand) | संभाव्य समेत उल्लेख गर्ने, गुणस्तर खुलाउने । |
| ४.१० | खनिज / उत्खनन उद्योगहरुको विवरण | • खनिज/उत्खनन उद्योगहरुको पुरा विवरण, वन क्षेत्र लिएको मिति, कति क्षेत्रफल, कति अवधिको लागि लिएको हो, कुन प्रयोजनको लागि लिएको हो ? सो को विवरण तथा हालसम्म उत्पादन भएको विवरण।<br>• खनिज/उत्खनन उद्योगले वन क्षेत्र प्रयोग गरे बापतको राजस्व कति कुन कुन वर्षमा कुन कार्यालयमा बुझाएको सोको विवरण समेत समावेस गर्ने ।<br>• खनिज/उत्खनन उद्योगले वृक्षारोपण गरेको भए कुन कुन स्थानमा कहिले, कुन प्रजातिको विरुवा रोपेको हो र सोको अवस्था समेतको विवरण समावेश गर्ने। |
| ४.११ | व्यवसायिक कबुलियती वनहरूको विवरण | • व्यवसायिक कबुलियती वनहरूको पुरा विवरण, कहिले र कति क्षेत्र, कति अवधिको लागि लिएको हो, कुन प्रयोजनको लागि लिएको हो ? सोको विवरण तथा हाल सम्म उत्पादन भएको विवरण।<br>• वन क्षेत्र प्रयोग गरे बापतको राजस्व कति कुन कुन वर्षमा कुन कार्यालयमा बुझाएको सोको विवरण समेत समावेस गर्ने ।<br>• यसको साथै वृक्षारोपण गरेको भए कुन कुन स्थानमा कहिले, कुन प्रजातिको विरुवा रोपेको हो र सोको अवस्था समेतको विवरण समावेश गर्ने । |
| ४.१२ | वनक्षेत्र भित्रबाट नदिजन्य पदार्थको उपलब्धता | • ढुंगा, गिट्टी, वालुवाको उपलब्धता विवरण, जिल्लाको मागको विवरण<br>• प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्नु पर्ने भए सोको विवरण<br>• विगत ५ वर्षको अवधिमा संकलन भएको परिमाण र प्राप्त राजश्व आदिको विवरण । |
| ४.१३ | अन्य वन पैदावारहरुको उत्पादन, वितरण तथा विक्री | आवश्यकता अनुसार थप विवरणहरु समावेश गर्ने । |

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. १
विराटनगर (नेपाल)

मेघनाथ काफ्ले
प्रदेश सचिव

| | | |
|---|---|---|
| ४.१४ | वन बाट प्राप्त भै रहेका वा संभाव्य सेवाहरु | • पर्यापर्यटन (Ecotourism)<br>• जलश्रोत को उपयोग सेवा<br>• सिकार सम्वन्धी अनुज्ञापत्रहरुको विवरण<br>• वन क्षेत्रको जग्गा अन्य प्रयोजनको अवस्था<br>• सहलगानीमा संचालित योजना/आयोजनाहरु |
| | पुनश्चः यो भागलाइ वन पैदावार उत्पादन योजना पनि भन्न सकिन्छ । योजनामा गैरकाष्ठ वन पैदावारको विवरण तथा उत्पादन योजना पनि समावेस गर्न सकिन्छ । रुखहरुको हकमा कस्तो रुख काटने कस्तो रुख नकाटने समावेस गर्नु पर्दछ । कुनै विशेष योजना वेगर खडा सुकेको रुख काट्ने योजना बनाउनु हुदैन। | |
| | **भाग ५ : वन व्यवस्थापन कार्ययोजना** | |
| ५.१ | अवधि | आ.व. ............... देखि ............... सम्म |
| ५.२ | लक्ष्य, उद्देश्य | दिर्घकालिन तथा अल्पकालिन (यो कार्यको लागि विगतको कार्ययोजनाहरुको समिक्षा गरेर मात्र भविष्यको लागि लक्ष्य तथा उद्देश्यहरु तयार गरी छलफल गरेर मात्र तय गर्ने।) |
| ५.३ | उद्देश्य पुरा गर्ने कार्यनीतिहरु | विभिन्न कार्यक्रमहरुको कार्यनीतिहरुलाई संक्षिप्तरुपमा प्रस्तुत गर्ने, कुनै कार्यक्रम संचालनको लागि अपनाएको नीतिहरु सङ्घीय सरकार, प्रदेश सरकार, आयोजना, जिल्ला आदिको कार्यनीतिहरु । |
| ५.४ | प्रस्तावित कार्यकमहरु | प्रस्तावित कार्यकमहरु प्रत्येक उद्देश्य पुरा गर्नको लागि तयार गर्ने सो अनुसारको लक्ष्य निर्धारण गरी बजेट पनि तय गर्ने । यो कार्य ५ वर्षको लागि तयार गर्न पर्नेछ। |
| | | वन व्यवस्थापन कार्ययोजनाको लक्ष्य तथा उद्देश्यहरु तय गर्दा जिल्ला/डिभिजन वनको समस्या तथा चुनौतिहरुको आकलन गरेर मात्र गर्न पर्दछ । प्रत्येक उद्देश्य पुरा गर्नको लागि कार्यकम तथा क्रियाकलापहरु पनि समावेस गर्नु पर्दछ । कार्यक्रम सम्पन्न गर्दा आउने प्रतिफल तथा त्यसको अनुगमन, मापन गर्ने सूचकहरु पनि तयार गर्नु पर्दछ । साथै जोखिम तथा मान्यताहरु पनि तयार गर्न पर्दछ । |
| ५.४.१ | सरकारद्वारा व्यवस्थित वन कार्यक्रम | • सरकारद्वारा व्यवस्थित वनमा वन व्यवस्थापनको लागि गरिएको प्रयासहरुको शुरु देखि हालसम्म विवरणहरु । यस्तो कार्यहरुमा वन संरक्षण, वन डढेलो नियन्त्रणका प्रयासहरु, लहरा काट्ने/मिचहा प्रजाती हटाउने कार्य, सुधार कटनी, छटनीको |

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं. १
विराटनगर (नेपाल)

मेघनाथ काफ्ले
प्रदेश सचिव

| | | |
|---|---|---|
| | | कार्यहरु, चोरी निकासी नियन्त्रण, चरिचरण नियन्त्रणको कार्यहरु आदि पर्न सक्दछन् ।<br>• समस्याहरुको विश्लेषण गरी प्रस्तावित कार्यक्रमहरुको विवरण समावेस गर्ने ।<br>• प्रस्तावित कार्यक्रमहरुमा चक्ला वन (Block Forest) सिल्भिकल्चरल प्रणाली अनुसारको व्यवस्थापन कार्ययोजना तयारी तथा कार्यान्वयन। |
| ५.४.२ | संरक्षित वन व्यवस्थापन कार्यक्रम | • क्षेत्र निर्धारण, संचालन गरिने संरक्षण, सम्वर्द्धन र सदुपयोगका कार्यक्रमहरु<br>• यस्तो कार्यकम संरक्षित वन कार्ययोजना अनुसार तयार गर्नु पर्दछ। |
| ५.४.३ | जनसहभागितामा आधारित वन व्यवस्थापन (साझेदारी वन, सामुदायिक वन, कवुलियती वन तथा धार्मिक वन) कार्यक्रम | • साझेदारी वनको हकमा साझेदारी वनको पृथक कार्ययोजना तयार गरिने भएकोले तयार भइ सकेको वन कार्ययोजनाको कार्यहरु समावेश गर्ने एवं नयाँ साझेदारी वनको कार्ययोजना तयार पार्ने हो भने सोही अनुसार प्रस्ताव गर्ने ।<br>• सामुदायिक वन, कवुलियती वन तथा धार्मिक वनको हकमा सम्बन्धित कार्यक्रमहरु र सामुदायिक वनको वन कार्ययोजनामा सरकारको तर्फबाट संचालन गर्न सकिने कार्यक्रमहरु समावेस गर्ने ।<br>• संभावित व्यवसायिक कवुलियती वनको पहिचान गरी कार्ययोजनामा समावेस गर्ने ।<br>*(व्यवसायिक कवुलियती वन कार्यविधि, २०६८)* |
| ५.४.४ | वन संरक्षण कार्यक्रम | • वन सिमाना निर्माण, मर्मत तथा संरक्षण कार्ययोजना र आवश्यक बजेट<br>• वन अतिक्रमण नियन्त्रण कार्ययोजना र आवश्यक बजेट<br>• वन पैदावार चोरी निकासी नियन्त्रण योजना (वनस्पतिजन्य वन पैदावार लगायत वन्यजन्तु र यसको अंगको चोरी निकासी नियन्त्रण सम्बन्धि योजनाहरु)<br>• जैविक विविधता संरक्षण कार्यक्रम (वन्यजन्त, बिशेष प्रजातिको संरक्षण, सिमसार संरक्षण, जडिबुटी संरक्षण आदी)<br>• वन डढेलो नियन्त्रण तथा व्यवस्थापन कार्ययोजना (वन डढेलो नियन्त्रणको पुर्वतयारी, प्रतिरोधात्मक कियाकलापहरु, जनचेतनात्मक कियाकलापहरु, |

| | | |
|---|---|---|
| | | डढेलो नियन्त्रणात्मक कियाकलापहरु, फायर फाइटिङ्ग टिमहरुको गठन, तालिम, औजारहरुको खरिद तथा वितरण, वन डढेलो व्यवस्थापन योजना)<br>• चरिचरण नियन्त्रण तथा व्यवस्थापन<br>• वनजन्य किरा, रोगहरुको व्यवस्थापन |
| ५.४.६ | कृत्रिम तथा प्राकृतिक पुनरुत्पादन कार्यक्रम | • स्थायी तथा अस्थायी नर्सरी निर्माण कार्यक्रम<br>• बहुवर्षिय विरुवा उत्पादन कार्यक्रम<br>• बृक्षारोपण गर्न सकिने क्षेत्रको बिबरण र बृक्षरोपणको बार्षिक कार्यकम बृक्षारोपण, डि.व.का ले गर्ने सरकारी बृक्षारोपण<br>• नदि उकास, वन अतिकमण पुर्नस्थापनाको लागि वृक्षारोपण तारवार आदि कार्यक्रमहरु<br>• गैह्रकाष्ठ वन पैदावार उत्पादनको लागि संरक्षण तथा खेती विस्तार कार्यक्रम । |
| ५.४.७ | सार्वजनिक तथा निजि वन प्रवर्द्धन एवं उद्यम विकास सहयोग कार्यक्रम | • समुहगत, संस्थागत एवं निजी बृक्षारोपण प्रोत्साहन<br>• शहरी वन विकास कार्यक्रमहरु (बहुवर्षिय विरुवा उत्पादन कार्यकम आदि)<br>• वन उद्यम विकास कार्यक्रम सहयोगहरु (उद्यमशिलताको विकास आदि): खोटो उद्योगहरुको लागि उत्पादन हुन सक्ने खोटो तथा उत्पादन क्षेत्र अनुसारको विवरण र कार्यक्रमहरु र यस्तै प्रकारका अन्य उद्योगहरुको लागि प्रभावकारी हुने कार्यक्रमहरु<br>• निजी क्षेत्रको संलग्नता गराई संचालन गरिने कृयाकलापहरु । |
| ५.४.८ | ऐतिहासिक, धार्मिक, पुरातात्विक तथा पर्यटकीय दृष्टिले महत्वपुर्ण क्षेत्रको संरक्षण एवं बिकास | • कुनै विशेष वन क्षेत्रसँग सम्बन्धित कृयाकलापहरु समेतलाइ टेवा पुग्ने खालको कार्यक्रमहरु । |
| ५.४.९ | भू-तथा जलाधार संरक्षण कार्यक्रम / चुरे तथा भू-संवेदनशील क्षेत्रको संरक्षण कार्यक्रम | • विभिन्न वन प्रणालीहरुको कार्यक्रम संचालन गर्दा आवश्यक पर्ने भ-संरक्षणका कियाकलापहरु<br>• यस्तो कियाकलापहरुको छनौट गर्दा सम्बन्धित भू तथा जलाधार व्यवस्थापन कार्यालयसँग समन्वय गरेर गर्न सकिन्छ । |
| ५.४.१० | बैकल्पीक उर्जा प्रवर्द्धन कार्यक्रम | • उन्नत चुलो, गोवर ग्याँस र ग्याँस स्टोभ कार्यक्रम, वायो ब्रिकेट, सौर्य स्रोतको उर्जा विकास कार्यक्रम, स-साना जलविद्युत आयोजनाहरुमा सहयोग कार्यकम। |

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं. १
विराटनगर (नेपाल)

मेघनाथ काफ्ले
प्रदेश सचिव

| | | |
|---|---|---|
| | | • यस्तो कार्यक्रमहरु अन्य सरोकारवाला निकायहरुको समन्वयमा प्रस्ताव गर्न सकिन्छ । |
| ५.४.११ | प्रचार प्रसार कार्यक्रम | • जनचेतनामुलक क्रियाकलापहरु, प्रचारप्रसार कार्यक्रम, विभिन्न संचार माध्यमहरु प्रयोग गरेर संचालन गरिने कार्यक्रमहरु । |
| ५.४.१२ | विशेष आयमुलक कार्यक्रम | • गरिबी निवारणको लागि विशेष समूह केन्द्रित, लक्षित समूह, महिला, आदिवासी, जनजाति आदिको आय आर्जनको लागि वन क्षेत्रका कार्यक्रमहरु । |
| ५.४.१३ | जलवायु परिवर्तन व्यवस्थापन सहयोगी कार्यक्रमहरु | • जलवायु परिवर्तन न्युनीकरण तथा अनुकूलनको लागि सहयोग गर्न सकिने किसिमका कार्यक्रमहरु<br>• रेड (REDD) सम्बन्धि रणनीतिलाई सहयोग पुग्ने खालका कार्यक्रमहरु (यो कार्यको लागि वन तथा वातावरण मन्त्रालयको रेडसेल सँग समन्वय गर्न सकिन्छ)<br>• समुदायस्तरका योजनाहरुमा जलवायु परिवर्तन अनुकूलनको लागि सहयोगी हुने कार्यक्रमहरु । |
| ५.४.१४ | भौतिक पूर्वाधार निर्माण कार्यक्रम | • भवन निर्माण, तालिम कक्ष निर्माण, शसस्त्र वन रक्षक आवास निर्माण, डिभिजन/सव-डिभिजन वन कार्यालय भवन निर्माण, मर्मत कार्यहरु, सवारी साधनहरु मर्मत, हेभि मेसिनरी सामानहरु खरिद तथा मर्मत कार्य, सवारी साधनहरु खरिद आदि कार्यक्रमहरु । |
| ५.४.१५ | कार्ययोजना कार्यान्वयन गर्न आवश्यक प्राविधिक सहायता/ उपकरण/ औजारहरुको विवरण | |
| ५.४.१६ | जनशक्ति व्यवस्थापन (स्थायी तथा अस्थायी दुवै किसिमको)<br>(कर्मचारी क्षमता अभिवृद्धिका लागि आवश्यक कार्यक्रमहरु यसमा समावेश गर्ने ।) | • उपलब्ध जनशक्तिको आकलन गर्ने र सो जनशक्तिबाट प्रस्ताव गरिएको कार्यक्रम संचालन गर्न सकिन्छ वा सकिदैन समिक्षा गर्ने ।<br>• अस्थायी प्रकृतिको ज्यामीहरुबाट संचालन गरिने कार्यक्रममा चाहिने जनशक्ति जिल्ला भित्र उपलब्ध हुन सक्ने नसक्ने माग र आपूर्तिको आकलन गरि समिक्षा गरी कार्यक्रम प्रस्ताव गर्ने ।<br>• प्रस्ताव गरिएको कार्यक्रम कार्यान्वयन गर्नको लागि कति कस्तो प्रकारको सहयोग कस्ले गर्नु पर्ने हो ? सो को स्पष्ट खाका प्रस्तुत गर्ने ।<br>• स्थानीय स्तरको जनशक्तिलाइ क्षमता वृद्धि गर्नु पर्ने भए सो अनुसारको कार्यक्रम प्रस्ताव गर्ने । |

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. १
विराटनगर

मेघनाथ काफ्ले
प्रदेश सचिव

| | | |
|---|---|---|
| ५.४.१७ | मानव वन्यजन्तु द्वन्द्व न्युनिकरण सहयोग / व्यवस्थापन तथा वन्यजन्तु उद्दार कार्यक्रम | • वन्यजन्तुबाट हानि नोक्सानी न्युनिकरण सहयोग र द्वन्द्व व्यवस्थापन कार्यक्रमहरु तथा वन्यजन्तु उद्दारका कार्यक्रमहरु प्रस्ताव गर्ने । |
| ५.४.१८ | बजेट व्यवस्थापन | • प्रत्येक कार्यक्रम अनुसारको सारांस तालिकामा बजेट समेत प्रस्तुत गर्नु पर्ने भए पनि सो बजेटको खर्च व्यहोर्ने प्रस्तावित स्रोतहरु के के हुने हो ? जस्तै संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, समुदाय, वैदेशिक स्रोत (अनुदान तथा ऋण के हुने हो ? सो समेतको एक तालिका प्रस्तुत गर्ने) |
| **भाग ६ : उपलब्धि, अनुगमन तथा समन्वय** | | |
| ६.१ | प्राप्त हुने राजश्वको विवरण | विभिन्न स्रोतहरुबाट प्राप्त हुने राजश्वको विगतको कार्ययोजनाको अवधिसँग तुलना गरेर राजस्व प्रक्षेपण गर्ने। |
| ६.२ | कार्यक्रम कार्यान्वयनको उपलब्धि | पाँच बर्षपछि वनको स्थितिको प्रक्षेपण गर्ने। उद्देश्य अनुसारको output तथा outcomes level को उपलब्धि प्रक्षेपण गर्ने । सो उपलब्धिहरुलाई अनुगमन कार्ययोजनासँग समायोजन गर्ने। |
| ६.३ | रोजगारीका अवसर र गरिबी निवारणमा योगदान | सृजना हुने रोजगारीको संख्या र प्रत्यक्ष गरिवी निवारणमा कति योगदान गर्न सक्दछ, त्यसको सुचक अनुसारको विवरण प्रक्षेपण गर्ने । |
| ६.४ | अनुगमन कार्ययोजना | यो कार्ययोजनामा कुन कार्यक्रमको अनुगमन सुचक तयार गरेर कहिले, कस्ले कति पटक अनुगमन गर्ने योजना तालिकामा तयार गर्न पर्दछ (कार्यकालिन, मध्यकालिन तथा अन्तिम अनुगमन) । |
| ६.५ | समन्वय योजना | • उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र वन निर्देशनालयको जिम्मेवारी तथा भूमिका<br>• कार्ययोजना कार्यान्वयनमा संलग्न निकाय, समुदाय एवं गैर सरकारी संघ संस्थाहरुको विवरण र तिनीहरुको भूमिका जस्तैः जिल्ला वन क्षेत्र समन्वय समिति, वन अतिक्रमण नियन्त्रण कार्यदल, कार्यक्रम समन्वय समितिहरु, जिल्ला समन्वय समिति अन्तरगतका समितिहरु तथा जिल्लामा संस्थागत रुपमा रहेका अन्य समितिहरुको भूमिका आदि। |
| ६.६ | कार्ययोजना संशोधन | विभिन्न कारणबाट कार्ययोजना संशोधन गर्नु पर्न सक्ने भएकोले संशोधन गर्ने प्रावधान राख्नु पर्दछ । |

| | | |
|---|---|---|
| ६.७ | प्रतिवेदन / जाहेरी | कार्ययोजना कार्यान्वयनको प्रतिवेदन, अनुगमन प्रतिवेदन कहिले कस्ले कहाँ पेश गर्ने तालिका समावेश गर्ने । |
| ६.८ | ५ वर्षे कार्ययोजनाको Summary Sheet | |
| ६.९ | ५ वर्षे कार्ययोजनाको योजना (Investment plan) | |
| ६.१० | ५ वर्ष सम्म प्राप्त हुने विभिन्न शिर्षकगत लाभ (राजश्व, VAT, निजी कृषकहरुको आम्दानी रोजगारी) | |
| ६.११ | जिल्लाको माग आपूर्ति सन्तुलन चित्र Demand Supply Balance Sheet (Product wise) | |
| ६.१२ | मौजुदा लगानीमा Gap भए सो को चित्रण र Strategy Suggestion | |
| ६.१३ | विविध (माथि समावेस नभएका तर आवश्यक केही विषयवस्तु एवं बुँदाहरु।) | |

**नक्साहरु:**

| सि.नं. | नक्सा विवरण |
|---|---|
| १ | जिल्लाको राजनीतिक विभाजन (गा.पा./न.पा.) नक्सा तथा डिभिजन वन कार्यालय, सब-डिभिजन वन कार्यालयहरुको कार्य क्षेत्र विभाजन गरिएको नक्सा (Location Map) |
| २ | वन क्षेत्र, कृषि क्षेत्र लगायतको भू-उपयोगको नक्सा (Forest, Agriculture, Waterbody, Settlement, Shrubland, grassland आदि) |
| ३ | गैरकाष्ठ वन पैदावारहरुको उपलब्धता अनुसारको नक्सा (Potential NTFPs/NTFPs Availability Map) |
| ४ | इकोलोजिकल क्षेत्र अनुसारको वनको किसिमहरु देखाइएको नक्सा तथा Altitudinal Map |
| ५ | सामुदायिक वन, साझेदारी वन, कबुलियती वन, धार्मिक वन, निजी वन, सरकारद्वारा व्यवस्थित वन, संरक्षण वन क्षेत्र, संरक्षण क्षेत्र आदि देखाइएको नक्सा |
| ६ | वन अतिक्रमण भएको क्षेत्रको पुरानो क्षेत्र र नयाँ क्षेत्रहरुको विवरणहरु देखाइएको नक्सा |
| ७ | वन क्षेत्रले ढाकेको र पछि परिवर्तन भएको क्षेत्रको change detection गरि तयार गरिएको विभिन्न चरणको नक्साहरु (LULC Map) |
| ८ | वन पैदावार चोरी निकासी हुने नाकाहरुको रेखांकन तथा लोकेसनहरुको जि.पि.एस. रेकर्ड गरिएको नक्सा |
| ९ | अन्य आवश्यक नक्साहरु विशेष व्यवस्थापनको लागि जस्तै डढेलो जोखिम (Fire Hazard/Prone Map), भू-क्षय जोखिम, Land Capability Classification Map, वन क्षयीकरण (Degradation) ग्रस्त क्षेत्रहरु देखाइएको नक्साहरु |
| १० | जिल्ला भित्रको मुख्य खोला, नदीहरुको उद्‍गम देखि अन्तिम निकासको स्थान समेत देखाइएको नक्सा (Hydrological Map) |
| ११ | Forest and Non-Forest छुट्टिने नक्सा वा NDVI बाट Vegetation छुट्टिने नक्सा |
| १२ | वन बाट प्राप्त हुने सेवाबाट संचालित आयोजनाहरु (इको टुरिज्म, जल भण्डारण संचय, वन क्षेत्रको जग्गा अन्य प्रयोजन, आदि) |

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश नं. १
विराटनगर (नेपाल)

मेघनाथ काफ्ले
प्रदेश सचिव

## अनुसूचीहरु

| सि.नं. | अनुसूची विवरण |
|---|---|
| १ | पूर्व वन व्यवस्थापन कार्ययोजनाहरुको अवधि खुलेको विवरण सूची |
| २ | डिभिजन वन कार्यालयमा कार्यरत डिभिजनल वन अधिकृतहरुको कार्यअवधि र नाम विवरण (साविकका जिल्ला वन अधिकृत समेत) |
| ३ | वन स्रोत सर्वेक्षणको विवरण (वनको किसिम वा प्रजाति अनुसारको) |
| ४ | डिभिजन वन कार्यालयको कार्यक्षेत्र अन्तर्गत रहेका अनुसन्धान तथा विउ उत्पादनको लागि स्थापना भएका प्लटहरु/ विउ बगैचा / सिड स्ट्याण्ड आदिको स्थान, क्षेत्रफल, प्रजाति तथा हाल सम्मको स्थिति विवरण |
| ५ | काठ र दाउराको वर्तमान बिक्री मूल्यको सूची |
| ६ | सामुदायिक वन, साझेदारी वन, कबुलियती वन (व्यवसायिक समेत), धार्मिक वन, संरक्षण वन क्षेत्र, निजी वन तथा सार्वजनिक वन विकासको रुपमा व्यवस्थापन भएको वनहरुको हस्तान्तरण, स्विकृत, सहमति मिति, क्षेत्रफल, लाभान्वित घरधुरी सहितको विवरणहरु |
| ७ | अन्य प्रयोजनको लागि दिइएको वन क्षेत्रको विवरणहरु |
| ८ | सव-डिभिजन वन कार्यालय, गा.पा./न.पा. आदिको डिभिजन वन कार्यालयसँगको दुरी (पहुँच/बाटोको किसिम), सञ्चारको व्यवस्था आदि खुलेको विवरण |
| ९ | वन अतिक्रमणको विस्तृत विवरण |
| १० | वन तथा वन्यजन्तु सम्बन्धि अपराधहरुको अद्यावधिक विवरण (विगतको ५ वर्ष सम्मको तथ्याङ्कलाई तुलना गरेको विवरण) |
| ११ | वनमा आधारित पर्यापर्यटन क्षेत्रहरुको विवरण र नक्सा |
| १२ | डिभिजन वन कार्यालय अन्तर्गत शुरु देखि हालसम्म भएको वृक्षारोपणको क्षेत्रफल हे., वृक्षारोपणको अद्यावधिक तथ्याङ्क सहित स्थितिको विवरण |
| १३ | डिभिजन वन कार्यालय अन्तर्गत रहेका स्थायी नर्सरी तथा अन्य नर्सरीहरुको क्षमता, अवस्था तथा रहेको स्थानको विवरण (जिल्लास्थित निजी वन/फलफूल नर्सरीहरुको विवरण समेत) |
| १४ | डिभिजन वन कार्यालय अन्तर्गतबाट संकलन भई बिक्री वितरण भएको काठ, दाउरा, जडिबुटी/गै.का.व.पै., ढुंगा गिट्टी बालुवा आदिको उत्पादन परिमाण तथा बिक्रीबाट प्राप्त राजश्व परिमाणको शुरु देखि हाल सम्मको अद्यावधिक तथ्याङ्क विवरण |
| १५ | डिभिजन वन कार्यालय अन्तर्गत संचालित आयोजना, योजनाहरु संचालन भएको अवधि तथा मुख्य उपलब्धिहरु |
| १६ | अन्य विशेष विवरणहरु जस्तै डिभिजन वन कार्यालय अन्तर्गत रहेको विशेष प्रकृतिको रुखहरु, प्रजातिको विवरण, कर्तव्यको सिलसिलामा ज्यान गुमाएका कर्मचारीहरुको विस्तृत विवरण, डढेलोबाट क्षति भएको घर, पशुधन, मानव आदिको विवरण, वन्यजन्तुको आक्रमणबाट ज्यान गुमाएका मानव, पशुधन तथा क्षति भएको घरगोठको विवरण। |
| १७ | जिल्लामा रहेका वनस्पति उद्यान, बिउ उत्पादन केन्द्र (Seed Stand, Seed Orchard) |

मेघनाथ काफ्ले
प्रदेश सचिव

## अन्य आवश्यक विषयहरु

१. यो कार्यसूचीमा कुनै किसिमको दुबिधा भएमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय वा वन निर्देशनालयमा सम्पर्क गरी प्राप्त निर्देशन अनुसार गर्नु पर्नेछ ।

२. वन व्यवस्थापन कार्ययोजना कार्यान्वयनको लागि प्रदेश नं. १, प्रदेश वातावरण संरक्षण ऐन, २०७६ र प्रदेश वातावरण संरक्षण नियमावली, २०७७ को प्रावधान अनुसार वातावरणीय अध्ययन प्रतिवेदन समेत तयार गर्नु पर्ने भएकोले सो को लागि तोकिए बमोजिम कार्य सूची तयार गरी उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको स्वीकृति लिएर गर्नु पर्नेछ ।

३. यो कार्यसूची अनुसारको तयार गरिएको वन व्यवस्थापन कार्ययोजनाको पहिलो मस्यौदा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमा प्राप्त भए पश्चात सो उपर दिइएको सुझावहरु समावेस गरी मन्त्रालयमा विज्ञहरु समक्ष प्रस्तुत गर्नु पर्नेछ । विज्ञहरु समक्ष प्रस्तुत गरिसकेपछि प्राप्त सुझावहरु तथा पृठपोषण समावेस गरि मन्त्रालयमा अन्तिम मस्यौदा पेश गर्नु पर्नेछ । वन व्यवस्थापन कार्ययोजनाको अन्तिम मस्यौदा स्वीकृत हुने जानकारी मन्त्रालयको वातावरण शाखालाइ दिएपछि सो प्रतिवेदनलाई परिमार्जन गर्नु पर्ने भए सो अनुसार गर्नु पर्नेछ ।

४. मन्त्रालयबाट वन व्यवस्थापन कार्ययोजनाको अन्तिम मस्यौदामा केही परिमार्जन गर्न आवश्यक ठानेमा सो गर्नको लागि सुझाव दिन सक्नेछ । सो अनुसारको मस्यौदा स्वीकृतिको लागि ५ प्रति प्रिन्ट गरी वाइन्डिङ्ग गरि पेश गर्नु पर्नेछ । यसको साथै डिजिटल प्रति समेत मन्त्रालयमा उपलब्ध गराउनु पर्नेछ ।

५. वन व्यवस्थापन कार्ययोजना कार्यान्वयनको लागि स्वीकृत कार्यसूची अनुसारको वातावरणीय अध्ययन प्रतिवेदनको मस्यौदा मन्त्रालयमा प्राप्त भए पश्चात सो उपर दिइएको सुझावहरु समावेस गरी मन्त्रालयमा विज्ञहरु समक्ष प्रस्तुत गर्नु पर्नेछ । विज्ञहरु समक्ष प्रस्तुत गरेपश्चात प्राप्त सुझावहरु तथा पृठपोषण समावेस गरि मन्त्रालयमा अन्तिम मस्यौदा पेश गर्नु पर्नेछ । वातावरणीय अध्ययन प्रतिवेदनको अन्तिम मस्यौदा स्वीकृतको लागि ५ प्रति प्रिन्ट गरी वाइन्डिङ्ग गरि पेश गर्नु पर्नेछ । यसको साथै डिजिटल प्रति समेत मन्त्रालयमा उपलब्ध गराउनु पर्नेछ। मन्त्रालयबाट प्रस्ताव कार्यान्वयका शर्त तथा सुझावहरु तोकी प्रस्ताव कार्यान्वयनको लागि वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गरीनेछ।

पुनश्चः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट स्विकृत गरिएको यो कार्यसूचीको ढाँचामा डिभिजन वन कार्यालय/जिल्लाको आवश्यकता अनुसारको सृजनात्मक र आवश्यक शिर्षकहरु थप गरेर कार्ययोजना तयार गर्न सकिन्छ।

नोटः

- वन निर्देशनालयसँग समन्वय तथा छलफल गरी कार्ययोजना तयार गर्ने ।
- कार्ययोजना तयार गर्दा अध्ययन तथा विश्लेषण वैज्ञानिक रुपले गर्दै दूरदर्शीतातर्फ विशेष ध्यान दिई एक पटक स्वीकृत भईसकेको कार्ययोजना सकेसम्म संशोधन नगर्ने, नगराउने ।
- कार्ययोजनामा जडिबुटीको परिमाण प्रक्षेपण गर्दा CITES को विद्यमान नीतिलाई ध्यान दिने ।
- श्रोत सर्भेक्षण प्रकृया पश्चात मात्र काष्ठ तथा गैरकाष्ठ वन पैदावारको प्रक्षेपण गर्ने ।
- कार्यालयको स्वामित्वमा रहेको जग्गाको प्रमाणपूर्जा लगायत अन्य सम्पत्तिको प्रामाणिक कागजातहरुको छाँयाकपी कार्ययोजनामा समावेश गर्ने ।
- आवधिक योजना तयारीका लागि आवश्यकतानुसार जिल्ला वन क्षेत्र समन्वय समिति वा जिल्ला अनुगमन समितिसंग समन्वय गर्ने ।